*"आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण विकासको आधार ।*
*शिक्षा, स्वास्थ्य, कृषि र सडकको सम्बृद्धि भजनीको पूर्वाधार" ॥*

# भजनी नगरपालिकाको
# पाँचौ नगरसभामा

## नगर उप-प्रमुख छाया देवकोटाले प्रस्तुत गर्नुभएको

# आ.व. २०७६/०७७को नीति कार्यक्रम तथा बजेट

भजनी नगरपालिकाका
सुदुरपश्चिम प्रदेश, नेपाल

२०७६ असार १०

नगर सभा अधिवेशनका अध्यक्षज्यू, प्रमुख अतिथि ..........ज्यू विशिष्ठ अतिथि..........ज्यु प्रमूख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, उपस्थित नगर कार्यपालिकाका राष्ट्रसेवक सम्पूर्ण कर्मचारी ज्यूहरु।

नगरसभा अधिवेशनमा उपस्थित हुनु भएका सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, सहजीकरणका लागी उपस्थित राष्ट्रसेवक कर्मचारीहरु ज्यू, लाई मेरो व्यक्तिगत तथा भजनी नगरपालिका परिवारको तर्फबाट कृतज्ञता सहित स्वागत गर्दछु ।

ईतिहासमा राष्ट्रलाई सुन्दर भविश्य तर्फ डोर्‍याउन विभिन्न प्रकारका आन्दोलनहरु संचालन भएका थिए । चाहे त्यो प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलन होस या अन्य प्रकारका सामाजिक आन्दोलनहरु किन नहुन् । यस घडीमा राष्ट्रलाई संघिय गण्तन्त्र नेपालमा रुपान्तरण गर्न महत्वपूर्ण योगदान पुर्‍याउन आफ्नो प्राणको आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु ।

नगरसभा अधिवेशनमा नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा वजेट पेश गर्न पाउँदा मलाई अपार हर्ष महशुस भईरहेको छ । भजनी नगरपालिकाको विकासमा सधैं हातेमालो गर्नुहुने आदरणीय नगरवासीहरु प्रति नतमस्तक हुँदै हाम्रा विकासका प्रयासहरुमा सम्पूर्ण नगरवासीहरुको सहयोग र समर्थन हुनेछ भन्ने आशा लिएको छु ।

संक्रमणकालका कारण संघिय, प्रदेश र स्थानीय सरकारबाट तयार गर्नुपर्ने विभिन्न ऐन नियम र निर्देशिकाहरु तयार भइ नसकेको, कर्मचारी समायोजन तथा व्यवस्थापनमा कठिनाइ हुनु हाम्रा यर्थाथता हुन । यि विचमा नगरपालिकाको आफ्नै सुविधा सम्पन्न भवन, वडा कार्यालयका भवन तथा अन्य भौतिक पूर्वाधारहरुको विकास गर्नुपर्ने थप चुनौती हामीसंग छ ।

हामी सबैको सामुहिक प्रयासले यि सबै चुनौतीहरुको समाधान गरी शुशासित ,सुन्दर र सम्बृद्ध नगरको रुपमा भजनी नगरपालिकालाई रुपान्तरण गर्न सकिन्छ भन्ने विश्वास लिएको छु ।

आदरणिय नगर सभाका सदस्यज्यूहरु

आगामी आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम तर्जुमाको आधारको रुपमा हामीले विगतका वर्षहरुमा सम्पन्न कार्यहरुलाई लिएको छु । त्यसैले म अब विगत तर्फ फर्केर यस न.पा.ले सम्पादित कार्यहरुको छोटो समिक्षा यस सभामा प्रस्तुत गर्न चाहन्छु ।

१. यस भजनी नगरपालिका वडा नं. १ स्थित प्राथमिक स्वास्थ्य केन्द्र भजनीलाई स्तरोन्नति गरी आकस्मिक तथा अन्तरंग सेवा सूचारु, डाक्टरको दरबन्दीमा थप , फार्मेसी कक्ष स्थापना, पोष्टमाटम सेवा सुचारु, नियमित रुपमा एमविविएस डाक्टरहरुद्धारा चेकजाँच, आधुनिक मेडिकल उपकरणहरुको व्यवस्थापन, नपुग वडाहरुमा वर्थिंग सेन्टरको स्थापना गरी जनशक्ती सहित सेवा सुचारु गरिएको छ । साथै, यस नगरपालिकामा एम्बुलेन्स सेवा पनि सुचारु गर्ने कार्य थालनी भइरहेको छ ।

२. यस क्षेत्रका जनतालाई वर्षातको मौषममा नदी वारपार गर्न साह्रै समस्या हुने गरेकोमा वडा नं. ४ र ९ विच कान्द्रा नदीमा झोलुंगे पुलको निर्माण अन्तीम चरणमा रहेको छ ।

३. यस क्षेत्रका विद्यालयहरुमा शिक्षाको गुणस्तर विकासका लागि नमुना विद्यालय घोषणा गरि आवश्यक पूर्वाधार तथा शैक्षिक विकासमा बजेटको व्यवस्थापन गरिएको छ ।

४. यस न.पा. वडा नं. ५ स्थित कर्मेश्वर मा.वि.कुटीमा प्राविधिक धार ( ईन्जिनिरिंग अन्तर्गत सब ईन्जिनियर) को शिक्षा पठनपाठन सुचारु गरिएको छ ।

५. यस न.पा.लाई विभिन्न गाउवस्ती, बजार संग सडक संजालले जोड्ने कार्यलाई निरन्तरता दिईदै आएको छ ।

६. कृषिमा आधुनिकरण ल्याउन, कृषिमा कृषकको लागत घटाउनका साथै उत्पादनमा बृद्धि गर्ने उद्देश्यले विभिन्न कृषि उपकरण वितरण गरेको छ ।

७. विद्यालयको शैक्षिक वातावरण सुधार गरी अतिरिक्त क्रियाकलाप संचालन गरी बालबालिकाहरुमा हौसला प्रदान गर्ने कार्य सम्पन्न गरेको छ ।

८. यस नगरपालिकको एक मात्र महुन्याल बहुमुखी क्याम्पसको स्तरोन्नती गरी आवश्यक भौतिक, शैक्षिक गुणस्तरमा सुधार गरेको । साथै थप पुर्वाधार विकासका लागि संघीय र प्रदेश सरकार संग थप पहल गरिएको छ ।

९. यस क्षेत्रका खेलाडीहरुको सर्वागिण विकासका लागि रंगशाला निर्माण कार्य अगाडी बढाएको छ ।

१०. यस नगरपालिकाको आधुनिक सुविधा सम्पन्न कार्यालय भवन निर्माण कार्य तिब्र रुपमा अगाडी बढेको र जनतालाई छिटो छरितो सेवा सुविधा प्रदान गर्न आवश्यक संस्थागत व्यवस्थापन गरिएको छ ।

११. यस नगरपालिकाको बाढी पिडित क्षेत्रमा जनताको बस्ती संरक्षण र खेतीयोग्य जमिनको कटानीबाट रोकथाम गर्न तटबन्धन निर्माणका लागी राष्ट्रपति चुरे संरक्षण कार्यक्रम र यस न.पा.को संयुक्त बजेटको व्यवस्थापन गरिएको छ ।

१२. यस नगरपालिका भित्र रहेका तालतलैयाको संरक्षण गरी नगरपालिकाको आयश्रोत बृद्धिका लागि बोलपत्र मार्फत ठेक्का गरी न.पा.को आन्तरिक आयमा थप श्रोत बृद्धि गरिएको छ । साथै, नदी घाटहरुको व्यवस्थापन गरी नाउँ डुंगा ठेक्का प्रक्रियाबाट आन्तरिक आयमा बृद्धि गरेको छ ।

१३. यस नगरपालिका क्षेत्रभित्र रहेका असहाय गरिब, न्यायको पहुच नभएकाहरुको लागि न्यायिक समिति मार्फत न्याय प्रदान गरि विभिन्न कानुन सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरेको । विभिन्न दिवसहरुको आयोजना गरि जनचेतना फैलाउने कार्य गरेको छ । साथै यस बर्षमा ८९ वटा मुद्धा दर्ता भएकामा ७३ वटाको सम्पादन भएको,१४ वटा छलफल प्रक्रियामा रहेका,२ वटा अदालतमा पठाइएको छ ।

१४. यस नगरपालिकाले आफ्नो प्रशासनिक सुदृढिकरण तथा संस्थागत विकासका लागि विभिन्न प्रकारका ऐन, नियम, कार्यविधी, मापदण्ड निर्माण गरी सेवा प्रवाह गरेको छ ।

१५. यस नगरपालिका भित्र गरिवी निवाण गर्ने र आय आर्जन बृद्धि गर्ने उद्देश्यले विभिन्न तालिम संचालन गरेको ( हाते कडाई, आयश्रोत वृद्धि हुने खालका बाखा वितरण,मेशिन औजार वितरण आदि)

१६. सुत्केरी महिलाहरुलाई नेपाल सरकारले प्रदान गर्ने सेवा सुविधामा थप ६००।- ( छ सय मात्र।) यस न.पा.ले प्रदान गरेको छ ।

१७. यस भजनी नगरपालिकाको पार्श्वचित्र , नगर स्तरिय यातायात गुरुयोजना , विपद् पार्श्वचित्र , आधुनिक सहर (स्मार्टसिटी) अध्ययन कार्य अगाडी बढेको छ ।

१८. भजनी नगरपालिकामा विपद व्यवस्थापनका लागि २० लाखको विपद् व्यवस्थापन कोष स्थापना गरी विपद् जोखिम न्युनिकरण तथा पुनर्स्थापनामा सहयोगको व्यवस्था गरिएको छ । नगर स्तरमा नगर प्रमुखको र वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरिय विपद् व्यवस्थापन समिति गठन गरि विपद्को जोखिम न्यनिकरण र व्यवस्थापन गर्ने व्यवस्था मिलाईएको छ ।

१९. यस क्षेत्रका जनताको माग र आवश्यकतालाई मध्यनजर गरी नेपाल विद्युत प्राधिकरणको वितरण शाखा कार्यालय स्थापनाका लागि पहल गरी कार्यालय व्यवस्थापन भएको छ ।

२०. यस नगरपालिकालाई स्वच्छ, हरियाली वातावरणमैत्री बनाउन विभिन्न वडाहरुमा वृक्षारोपण कार्य गरिएको छ । साथै जनताको आर्थिक स्थितिमा सुधार ल्याउन फलफुलहरुका विरुवाहरु वितरण गरिएको छ । यस कार्यलाई निरन्तरता दिईएको छ ।

२१. विपद् व्यवस्थापन कोष, छात्रवृत्ति कोष, महिला हिंसा निवारण कोष व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधी निर्माण गरिएको छ ।

२२. यस नगरपालिकामा हुने गरेका गतिविधीहरुलाई वेवसाइट मार्फत सार्वजनिक गर्ने गरेको, सामाजिक सुरक्षा कार्यक्रम बैकिंग प्रणालिबाट वितरण गर्ने कार्य श्रावण देखि सुरु गर्ने प्रयास भईरहेको छ

२३. यस नगरक्षेत्रका हिंसा प्रभावित महिलाहरु र असहाय महिलाहरुका लागी सुरक्षित महिला सेभ हाउसको भवन निमार्णको कार्यलाई तिव्रता दिइएको छ ।

२४. यस नगर क्षेत्रमा स्वास्थ्य सेवा अर्न्तगत सिकलसेल (एनिमिया)को स्वास्थ्य सिविर संचालन गरी ८७१ सेवा प्रदान गरिएको र पाठेघर सम्बन्धि VIA जाँच गरी १९३ जनालाई सेवा प्रदान गरिएको छ ।

२५.वडा नं. ६ मा ९ विगाहा जमिनमा फलफुलको खेति गरिएको छ ।

देहायका आधारमा केन्द्रित रही म अब भजनी नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगर सभा अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधान
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वितिय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय सरकार संचालन ऐन,२०७४
- स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्था सम्बन्धी आदेश २०७४को व्यवस्था,
- अन्तर सरकारी वित्तिय हस्तान्तरण ऐन,२०७४
- नगरपालिकाले अंगिकार गरेका विभिन्न ऐन, नीति, नियम, कार्यविधी, निर्देशिकाहरु
- संघिय र प्रदेश सरकारबाट प्राप्त अनुदान
- आन्तरिक आय
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४
- राजस्व परामर्श समितिको निर्णय तथा सिफारिस सहितको प्रतिवेदन,
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस तथा निर्णय,
- विगतको नगरसभाबाट भएका निर्णयहरु,
- नगरवासीहरुको विकासको अपेक्षा
- नागरिक समाजका सुझावहरु

आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम :

भजनी नगरपालिकाको नीति, कार्यक्रम तथा बजेटलाई नेपालको संविधान, संघीय आवधिक योजना , प्रदेश आवधिक योजना र यस नगरपालिकाले बनाएका विभिन्न योजना, रणनितिहरुलाई कार्यान्वयन गर्ने गरी आगामी

वर्षको नीति तथा कार्यक्रम निर्माण गरिएको छ । अब म भजनी नगरपालिकाको दीर्घकालिन विकासलाई मध्यनजर गरेर बनाईएको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न चाहन्छु ।

**१. स्वास्थ्य विकास नीति :**

१.१ यस भजनी नगरपालिकामा गरिब असाहय गर्भवति, सुत्केरी महिलाहरुलाई सर्वसुलभ निःशुल्क स्वास्थ्य नगरपालिकाको प्रतिवद्धता ।

१.२ भजनी नगरभित्र रहेका सम्पूर्ण स्वास्थ्य चौकीहरुको स्तरोन्नती गर्ने र प्रा.स्वा.केन्द्रलाई आधुनिक सुविधा सम्पन्न २५ शैयाको सामुदायिक अस्पताल निर्माण गर्ने, वडा वडामा नगर स्वास्थ्य केन्द्र, बस्तीबस्तीमा सुविधा सम्पन्न खोप केन्द्र स्थापनाको नीति अवलम्बन गरिनेछ । साथै शहरी स्वास्थ्य केन्द्रको आवश्यक व्यवस्थापन गरिनेछ ।

१.३ भजनी नगरपालिकाका बालबालिकाहरुलाई कुपोषण रहित बनाउन पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

१.४ आर्युवेदीक तथा अन्य प्रकारका स्वास्थ्य जाँच (घुम्ती शिविर) अभियान हरेक वडामामा आयोजना गरिनेछ ।

१.५ "योग गरौं, शारीरिक तन्दुरुस्त बनौ" भन्ने नाराका साथमा प्रत्येक वडामा वडा स्तरिय योग शिविर संचालन गरिने छ ।

१.६ थारु समुदायमा व्याप्त रहेको सिकल सेल एनिमिया रोगथामका लागी उपयुक्त योजना ल्याईनेछ ।

१.७ महिला स्वास्थ्य स्वंमसेविकाहरुको सेवाको मूल्यांकन गरी उचित प्रोत्साहन गरिनेछ ।

१.८ महिलाहरुको पाठेघर खस्ने, पुरुषहरुको हाईड्रोसिल, आँखाको रोग, नाक, कान, घाँटी सम्बन्धी रोगको उपचारका लागि घुम्ती शिविर संचालन गरिनेछ ।

१.९ जटिल समस्या रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई प्राथमिक स्वास्थ्य केन्द्रसम्म ल्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

१.१० भजनी नगरपालिकाका आम नागरिकहरुको स्वास्थ्य, शिक्षा, खाद्यान्न, दुग्घजन्य पदार्थ र दैनिक उपभोग्य बस्तु तथा क्षेत्रमा प्रतिकुल असर आउन नदिनका लागी नगर क्षेत्र भित्रका सम्पुर्ण पक्ष तथा क्षेत्रको विज्ञ टोली सहितको समिति निर्माण गरी कडाईका साथ अनुगमन गर्ने नीति लिईनेछ ।

१.११ अनियन्त्रित रुपमा बिक्री वितरण भैराखेको मदिराको नियन्त्रण गरि निश्चित समय ठाउ"/पसलमा मात्र बिक्री केन्द्र तोक्ने र बालबालिकाहरुले किन्ने र बेच्ने दुबै कार्यमा पूर्ण प्रतिबन्ध लगाइनेछ ।

**२. शिक्षा नीती :**

२.१ विद्यालय, वडास्तर तथा नगरपालिकाको शैक्षिक प्रशासनिक संरचना लाई थप सदृढ तुल्याइ तथ्यमा आधारित योजना निर्माण, कार्यान्वयन र नतिजामूलक अनुगमन तथा कार्य सम्पादनमा आधारित मूल्याकन प्रणालिको विकास गरिनेछ ।

२.२ शिक्षक दरवन्दी मिलान, कक्षा स्थगन, स्थान परिवर्तन, विद्यालय गाभ्ने, भौतिक अवस्थाको स्तरोन्नति, छात्रामैत्री शौचालय, विद्यालय घेरावार, गुणस्तरीय रंग रोगन, बालमैत्री फर्निचर आदिलाई प्राथमिकता दिइनेछ ।

२.३ विद्यालयमा विद्यार्थी भर्नादर बढाउन यसको प्रचार प्रसारका साथै विद्यालयसंगको सहकार्यलाई प्राथमिकता दिइनेछ । साथै विद्यालयलाई विशेष प्रकारको आवासिय विद्यालयको रुपमा विकास गरिनेछ ।

२.४ शैक्षिक सूचना प्रणाली, परीक्षा प्रणाली , शैक्षिक तंथ्याक तथा शिक्षा शाखा लाई आवश्यक पर्ने विभिन्न सफ्टवेयरको निर्माण गरि विद्यालयलाई हस्तान्तरण गरिने छ ।

२.५ नगरको आवश्यकता अनुसार थप सामुदायिक विद्यालय खोल्ने, मर्ज गर्ने, तह मिलान, दरबन्दी मिलान, कक्षा वृद्धि गरी समुदायको हितमा प्रयोग गर्नुका साथै संस्थागत विद्यालयको अनुगमन मुल्याङ्गन गरी स्कुल दर्ता, नवीकरण गरिने छन ।

२.६ नगरका सवै वालवालिकालाई आधारभूत तथा माध्यामिक तहसम्म अंग्रेजी माध्यममा निःशुल्क शिक्षा उपलव्ध गराई शिक्षित र सवल नगर वनाउने नीति अबलम्वन गरिने छ ।

२.७ सामुदायिक विद्यालयहरुले अतिरिक्त क्रियाकलाप अनिवार्य गराउन नगर शिक्षा निती लागु गरिने छ ।

२.८ प्रत्येक वर्ष सामुदायिक विद्यालयबाट एस.ई.ई तथा प्लस टु परीक्षामा उत्कृष्ट अंक ल्याउने अति बिपन्न , अल्पसंख्यक, लोपोन्मूख, आदिवासी जनजाति, दलित, मुस्लीम, मधेशी, फरक क्षमता भएका, असहाय, द्धन्द पिडित तथा शहिद परिवारका विद्यार्थीहरुको छनौट गरी प्राविधिक शिक्षा प्रति आकर्षित बनाउन विशेष छात्रवृत्ति पुरस्कारको व्यवस्था गरिनेछ ।

२.९ नगर क्षेत्रमा रहेका क्याम्पसको दिगो व्यवस्थापनका लागी पहल गरिनेछ ।

२.१० यसै शैक्षिक बर्ष भित्र भजनी नगरपालिकालाई साक्षर नगरपालिका घोषणा कार्यका लागी आवश्यक बजेटको व्यवस्था गरिने छ ।
२.११ समाजमा घट्ने विभिन्न किसिमका घटनाहरुको नियन्त्रण तथा रोकथाम गर्न मनोसमाजिक परामर्श सेवाको नीति अवलम्बन गरिनेछ ।

**३. कृषि नीतीः**

३.१ **"कृषकहरुसँग मेयर कार्यक्रम"**लाई सफल पार्न आधुनिक कृषि उत्पादनमा वृद्धि, आत्म निर्भर तथा आर्थिक समृद्धिमा टेवा पुर्‍याउन कृषकहरुलाई विभिन्न किसिमका कृषि औजार तथा उपकरणहरु प्रदान गरि कृषि क्षेत्रमा आधुनिकिकरण गर्ने कृषकहरुलाई **मेयर कोष**को स्थापना गरी कृषकहरुलाई सम्मान तथा प्रोत्साहन गर्ने नीति लिईनेछ ।
३.२ भजनी नगरपालिकाका कृषकहरुलाई व्यावसायिक कृषि मार्फत व्यवसाय तर्फ उन्मुख वनाइने छ । आधुनिक कृषि र पशुपालनका लागि कृषि वैज्ञानिक, कृषि कार्यकर्ता परिचालन गरिनेछ । विउँ उत्पादनका लागि सहकारी, कृषक समुह तथा निजी क्षेत्रहरुसंग मिलेर विशेष कार्यक्रम सञ्चालन गरिनेछ । व्यावसायिक कृषि तथा पशुपालनका लागि पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ । आगामी ३ वर्ष भित्र सबै वडाहरुमा कृषि सामग्री, मल विउँ, कृषि उपज संकलन तथा विक्री केन्द्र सहकारी, कृषक समुह तथा निजी क्षेत्र मार्फत सञ्चालन गरिनेछ ।
३.३ "प्रांगारिक कृषि उत्पादनमा वृद्धि, नागरिकको स्वास्थ्य र नगरको समृद्धि" भजनी नगरपालिका क्षेत्रमा प्रांगारिक कृषि उत्पादनलाई विस्तार गर्दै लगिनेछ । वजार क्षेत्रमा प्रांगारिक उत्पादनहरु पाइने पसलहरु सञ्चालन गर्न स्थानीय समुदाय वा सहकारीलाई सहयोग प्रदान गरिनेछ ।
३.४ भजनी नगरपालिका भित्र कुनै पनि जमीनलाई बाँझो राख्न नपाईने नीतिलाई निरन्तरता दिदै प्रभावकारी ढँगले नियमनमा ध्यान दिइनेछ । बाँझो जग्गा प्रयोगमा ल्याउनलाई प्रोत्साहन गरिनेछ ।
३.५ 'किसानसँग कृषि तथा पशुभेट वैज्ञानिक' भेट कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिएर किसानका समस्या उनीहरुकै गोठ, खेतमा समाधान गरिनेछ ।

३.६ सुकुम्बासी, भुमिहिन, मुक्तकमैया र अव्यबस्थित बसोबासीहरुको समस्या समाधानका लागी संघ र प्रदेश सरकारको समन्वयमा समाधान गरिनेछ । बैंक तथा निजि क्षेत्रहरु सँग सहकार्य गरी त्यस्ता घरपरिवारको बास्तबिक पहिचान गरी खरको छाना हटाई जस्तापाता वितरण गरिने छ ।

३.७ जैविक (Organic) खेति प्रणालीलाई प्रोत्साहन गरिने छ।
३.८ किसानहरुलाई आत्मनिर्भर बनाउन मौसमी, बेमौसमी तरकारी, फलफुल तथा थारु आलु , चैते धान , जडिबुटि खेतिलाई प्रोत्साहन गरिनेछ ।
३.९ कृषि उत्पादन अभिबृद्धि एवं बजार प्रवर्द्धनका लागि कृषि हाटबजार, शितभण्डारण, विज बृद्धि, बिउ बैंक र प्रशोधन केन्द्रको निर्माणका लागी कार्यक्रम सञ्चालन तथा निरन्तरता दिईनेछ । साथै कृषकले उत्पादन गरेको खाद्यान्नको समयमा नै उचित मूल्य निर्धारणका लागी पहल गरीने छ ।

३.१० कृषि बालि विमा कार्यक्रम लागु गरिनेछ ।
३.११ बदाम, मकै तथा बगर खेतिलाई प्रोत्साहन गरिनेछ ।

## ४.लैगिक हिंसामा महिला सुरक्षा तथा सशक्तिकरण नीतिः

४.१ लैगिक हिंसामा परेका महिलाहरुको उपचार, पुनर्स्थापना र सुरक्षाका लागि **उपमेयर महिला सुरक्षा कार्यक्रम** सञ्चालन गरी महिला सुरक्षामा जोड दिइनेछ ।
४.२ **'सक्षम महिला- विकासमा पहिला'** अभियानका लागि महिलाहरुको सशक्तिकरण, नेतृत्व विकास, उद्यमशिलता र सीप विकास गरी महिलाहरुलाई विकास तथा निर्णय, योजना निर्माण, योजना कार्यान्वयन र अनुगमनमा सहभागिता सुनिश्चित गरिने छ ।
४.३ महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सीप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
४.४ मानव वेचविखन अन्त्य गर्न सचेतनात्मक, उपचारात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
४.५ लैगिक हिंसा ( छाउपडी कुप्रथा, बोक्सि कुप्रथा, छुवाछुत कुप्रथा र अन्य कुप्रथाको ) नियन्त्रणका लागी लैंङ्गिक हिंसा नियन्त्रण र हिंसाका घटना ब्यवस्थापनका सामुदायिक संयन्त्रहरुलाई सशक्त रुपमा परिचालन गरि सामाजिक अभियानहरु संचालनमा ल्याईनेछ ।
४.६ महिला हिंसा नियन्त्रणका लागी हेल्प डेस्क र हेल्प लाईनको व्यवस्था गरिने छ ।
४.७ महिला हिंसा न्युनिकरणका लागी प्रत्येक वडामा महिला मानव अधिकार रक्षक तयार गरिने छ ।

## ५. कानूनी मामिला तथा न्यायिक समिति :

५.१ स्थानीय तहको अदालतलाई मेलमिलाप अदालतका रुपमा विकास गरी स्थानीय मुद्दाहरुलाई वार्ता, मध्यस्थता, छलफल, क्षमादान, आपसी समझदारी, सहिष्णुता र सुझवुझपूर्ण तवरले मेलमिलापको बिधिबाट समस्या समाधान गरि झन्झटिलो र खर्चिलो न्याय प्रणालीमा सुधार गरिनेछ ।
५.२ न्यायिक समितिको व्यवस्थित इजलास बनाई जनशक्तियुक्त र स्रोत साधन सम्पन्न  वनाउँदै जनतालाई छिटो, छरितो न्याय प्रदान गर्ने कामलाई प्रभावकारी ढँगले अगाडि वढाइनेछ । न्यायिक समितिका पदाधिकारीहरुलाई विशेष  सुविधा उपलब्ध गरानेछ । साथै न्यायीक प्रक्रिया सम्बन्धि तालिम, गोष्ठि र भ्रमणको आयोजना गरिने छ ।
५.३ निष्पक्षता बृद्धि गर्न मेलमिलापकर्ता आंचार संहिता निर्माण तथा न्यायीक समितिको बैकल्पिक सदस्यहरुको सूची तयार गर्ने कार्य गरिनेछ ।

**६ पशु विकास नीतिः**

६.१ नगरक्षेत्र भित्र उचित ठांउको पहिचान गरी पशु हाटबजार केन्द्रको स्थापना गरिने छ।

६.२ छाडा चौपायाहरुको व्यवस्थापन गरिनेछ।

६.३ पशु बिमा कार्यक्रम लागु गरिनेछ।

६.४ अव्यवस्थित रुपमा भैरहेको मासु विक्री केन्द्रलाई निरुत्साहित गरी व्यवस्थित तथा निश्चित ठाउमा पशु बधस्थल स्थापना गरीनेछ।

६.५ आवश्यकता अनुसार एक वडा एक कृषि तथा पशुसेवा प्राविधिक रहने व्यवस्था गरिनेछ।

६.६ पशुपंक्षिपालन व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक पर्ने सेवाहरु जस्तै निशुल्क खोप, कृत्रिम गर्भाधान केन्द्र, रोग अन्वेषण तथा उपचारका निम्ति विशेष व्यवस्था तथा वजारीकरणको व्यवस्था मिलाइएको छ।

६.७ पशुरोग निदानलाई प्रभावकारी वनाउनका लागि प्रयोगशालाको व्यवस्था एवम् प्रभावकारी रुपमा डिस्पेन्सरी सेवा सञ्चालनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

६.८ उच्च गुणस्तरका पशु तथा पशुजन्य पदार्थको उत्पादन वृद्धिका लागि नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी वनाइनेछ।

६.९ आधुनिक रुपमा मत्स्यपालन कार्यक्रम प्रभावकारी वनाउनको लागी प्राकृतिक तथा कृतिम ताल तलैयाहरुको निर्माण तथा व्यवस्थापन गरि मत्स्यपालन कार्यक्रमलाई प्रभावकारी वनाउनको लागी कार्यक्रम सञ्चालन गरिनेछ।

६.१० व्यवसाहिक रुपमा मत्स्यपालनका लागी मत्स्य भुरा उत्पादन गर्न ह्याचरीको निर्माण गरिनेछ।

**७. सामाजिक सुरक्षा नीती :**

७.१ यस नगरपालिकामा रहेका वृद, असक्त, शहिद परिवारका साथै सामाजिक रुपले पछि परेका लक्षित वर्ग तथा समुदाय ( दलित, मधेशि, मुस्लिम, राजी, कुमाल) हरुको अधिकारका लागी विशेष कार्यक्रमहरु अगाडी दढाईने छ

**क) बालबालिका :**

➢ भजनी नगरपालिका भित्र बालविवाह अन्त्य गर्ने, श्रमिक वालवालिकाहरुको समुचित व्यवस्थापन गर्ने, सबै किसिमका बालश्रम अन्त्य गर्ने, बालबालिका माथि हुने सवै किसिमका हिंसा शोषण दुर्व्यवहार अन्त्य गर्ने, नगर क्षेत्रलाई सडक बालबालिका मुक्त बनाउने जस्ता कार्य गरी भजनीलाई बालमैत्री नगरका रुपमा घोषणा गर्नका लागि सचेतना, सशक्तिकरण एवं उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**ख) अपाङ्ग :**

➢ अपाङ्गता भएका सबै ब्यक्तिलाई घुम्ति शिविर समेत सञ्चालन गरी परिचयपत्र वितरण गरिनेछ।

➢ मध्यम अपाङ्गता भएका व्यक्तिहरुमा सीप तथा व्यावसायिकता विकास गर्ने कार्यक्रम संचालन गरिनेछ।

➢ पूर्ण अशक्त तथा उचित संरक्षकत्व नपाएका अपाङ्गहरुलाई पुर्नस्थापनाको ब्यवस्था गरिनेछ।

➢ अपाङ्गता भएका ब्यक्तिहरुमा हुने सबै किसिमका दुर्व्यवहार अन्त्य गर्न कार्यक्रम संचालन गरिनेछ।

**ग) ज्येष्ठ नागरिक :**

➢ जेष्ठ नागरिक सम्मन कार्यक्रम : ७५ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई जेष्ठ नागरीक दिवसको अवसर पारेर सम्मान गर्न आवश्यक नीति लिइनेछ।

➢ ज्येष्ठ नागरिकहरुमा कानुनप्रदत्त सेवाको सहज पहुच पुर्‍याउन सरोकारवालाहरुसँग सहकार्य बढाईनेछ।

➢ ६० वर्ष पुगेका सबै ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिनेछ।

७.२ **" देउता मन्दिर भित्र छाउपडि घर भित्र"**भन्ने नारालाई पुर्णता दिन भजनी नगरपालिकालाई सबै प्रकारका छुवाछुत मुक्त नगरपालिका घोषणा गर्न आवश्यक नीति अवलम्वन गरीने छ ।

**८. सार्वजनिक तथा सामुदायिक सम्पत्तीको संरक्षण तथा ब्यवस्थापन कार्यक्रम** :

८.१ यस भजनी नगरपालिकाभित्र रहेका सवै सार्वजनिक, सरकारी तथा सामुदायिक जग्गाको अभिलेखिकरण तयार पारी त्यस्तो सार्वजनिक तथा सामुदायिक सम्पत्तिको संरक्षण, व्यवस्थापन र उपयोग सम्वन्धि आवश्यक नीति तथा कार्यक्रम अगाडि वढाइने छ । साथै यस क्षेत्र भित्रका त्यस्ता जमिनहरुको लगत संकलन गरीने छ ।

**९. वन तथा वातावरण, विपद् व्यवस्थापन र पर्यटन**

९.१ नगर क्षेत्रभित्रका ऐतिहासिक सम्पदा, मठ मन्दिर, पर्यटकीय स्थलको रुपमा रहेको डल्फिन क्षेत्र, धार्मिक स्थल, चौतारी, बरपीपल, खेल मैदान, आदिको संरक्षण तथा यस्ता ऐतिहासिक सांस्कृतिक महत्वका स्थानहरुलाई नगर सम्पदाको रुपमा विकास गरी आन्तरिक एवम् वाह्य पर्यटक भित्राउन आवश्यक पहल गरिनेछ । नदी, खोला सिचाई कुलो एवम् ताल तलैयाहरुकोको संरक्षणका लागि आवश्यकता अनुसार मापदण्ड तोकी त्यस्ता सार्वजनिक जग्गामा निजी संरचना निर्माण गर्न रोक लगाइने छ । साथै कम्तिमा एक वडा एक उद्यान निर्माण गरिनेछ भने त्यसको व्यवस्थापन र सञ्चालन सार्वजनिक, निजी र सामुदायिक तहबाट गरिनेछ ।

९.२ नगर क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुको विकास गरी पर्यटकीय क्षेत्रहरुमा नीजि सार्वजनीक साझेदारीमा सडक, बस पार्क, अतिथि गृह, विश्राम स्थल, पुरातत्व तथा कला संस्कृतिको जगेर्ना, शौचालय, खानेपानी लगायतका पूर्वाधार, पर्यटन मार्ग निर्माण गरी पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ ।

९.३ बहुजातिय,बहुभाषिक , बहुसांस्कृतिक तथा बहुधार्मिक रुपले ऐतिहासिक महत्व झल्किने गरी सामाजिक सदभाव कायम राख्न बहुसांस्कृतिक कला केन्द्र तथा संग्रहालयको स्थापनाको अध्ययन गरि आवश्यक पहल गरिनेछ ।

.९.४ भजनी नगरपालिका क्षेत्रभित्र विभिन्न जातीमा रहेका कला , संस्कृति, भेषभुषा, पहिरन तथा पर्यटकिय क्षेत्रको अध्ययन गरी होमस्टे तथा नमुना बस्ति स्थापना गर्न पहल गरिनेछ ।

**१० उद्योग तथा वाणिज्य नीति :**

१०.१ स्थानीय स्तरमा साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्न बिशेष सहुलियत दिने नीति अबलम्बन गरीनेछ साथै महिलालाई थप प्रोत्साहान गरीनेछ ।

१०.२ सार्वजनीक निजी साझेदारीको सहकार्यमा जोड दिइनेछ ।

१०.३ ठूला र अत्याधुनिक भौतिक पूर्वाधार विकास गरी शहरी सेवाको गुणस्तर र क्षेत्र विकास एवं स्थानीय तहका रोजगारी सृजना गर्न सार्वजनिक, निजी साझेदारी अवधारणा अनुरुपको कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

**११. राजश्व परिचालन नीति :**

११.१.नगरपालिकाको आर्थिक समृद्धिलाई बलियो बनाई विकासका पूर्वाधारहरु दिगो रुपले संचालन गर्न जनताले तिर्ने कर सम्भाव्यता अध्यायन गरी करको दायरालाई फराकिलो बनाई लागु गरिनेछ ।

११.२. भजनी नगरपालिकाको आर्थिक विकास, समुन्नत र समृद्धिका लागि भौतिक पूर्वाधारको विकास गर्न विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सरकारी तथा निजी दातृ संस्था वा निकायबाट आवश्यक अनुदान लिन सकिनेछ ।

११.३ राजस्व क्षेत्रको सुधारका लागि नीति तथा संस्थागत क्षमतामा सुधार ल्याईनेछ ।

११.४ नगरपालिकाको महत्वपूर्ण आन्तरिक श्रोतको रुपमा रहेको ताल तलैया, घाट ठेक्कालाई प्रभावकारि रुपमा लागु गरिनेछ ।

११.५ छोटी भन्सार कार्यालयहरुको व्यवस्थीत तथा पुर्नस्थापना गर्न संघिय र प्रदेश सरकारसंग अनुरोध गरिनेछ ।

## १२. मानव संशाधन विकास

१२.१ नगरपालिकाका जनप्रतिनिधि, तथा कर्मचारीहरुको क्षमता र वृत्ति विकासका लागी विभिन्न तालिम, गोष्ठी, भ्रमण आदिमा सहभागी हुन अभिप्रेरित गरिनेछ ।

## १३. हेलो मेयर, सुचना प्रविधिमा विकास :

१३.१ सूचना प्रविधि मैत्री सरकारको अवधारणा अनुरुप नगरपालिकालाई डिजिटल प्रविधिले सुसज्जित वनाइने छ । जस अनुसार नगरपालिकाको कार्यालय भित्र सिसीटिभी जडान कार्यान्वयनमा आइसकेको छ, साथै विद्युतिय हाजिरी, डिजिटल नागरिक वडा पत्र, वडा कार्यालयबाट अनलाईन घटना दर्ता, विभिन्न किसिमका सफ्टवेयर जडान, हेल्लो मेयर टोल फ्रि नम्वर, हेल्लो मेयर इमेल, हेल्लो मेयर फेसवुक, ट्विटर, आदिलाइ कार्यान्वयनमा ल्याइनेछन् ।

## १४. सार्वजनिक सेवा प्रवाह, प्रशासन तथा सुशासन :

१४.१ हरेक क्षेत्रमा सुशासन, सुदृढ प्रशासन : भजनी नगरपालिकालाई भ्रष्टाचार शुन्य सहनशिलताको संस्कृति भएको क्षेत्रका रुपमा विकास गर्नका लागि हरेक क्षेत्रमा सुशासन सुदृढ प्रशासन भन्ने नीतिलाई यस नगरपालिकाका साथै यस क्षेत्रमा रहेका निजी, सरकारी, सामुदायिक संघ, सस्थाहरुमा लागु गरिनेछ ।

१४.२ नगरको शान्ति सुरक्षा, अमनचैन कायम राख्ने, रात्रीको समयमा गस्ती गर्ने, सार्वजनिक जमिनको सुरक्षा, छाडा चौपायाको व्यबस्थापन, फूटपाथमा अनाधिकृत पसल राख्न नदिने, जथाभावी पार्किङ्ग गर्न नदिने, मदिरा पसललाई तोकिएको अवधि खोल्न र बन्द गराउने, सार्वजनिक स्थलमा होहल्ला गर्ने, लाउड स्पीकर बजाउने, सार्वजनिक स्थलमा अबैध रुपमा कब्जा जमाउने कामको नियन्त्रण गर्न प्रहरी प्रशासन सँग सहकार्य गरी परिचालनका लागी आवश्यक सहयोग उपलब्ध गराई सुरक्षाको व्यवस्था गरिनेछ ।

१४.३ भ्रष्टाचार, अनियमितताका साथै विकासका निर्माणमा हुने ढिलासुस्तिलाई न्युनिकरण गर्नका निम्ती विशेष प्रकारको अनुगमन संयन्त्र वनाइ संघ तथा प्रदेशसँग सहकार्य गरी आवश्यक कार्य गरिनेछ ।

१४.४ भजनी नगरपालिकाले प्रदान गर्ने सेवा र विकासलाई गुणस्तरीय र प्रभावकारी बनाउन जनप्रतिनिधि, कर्मचारी तथा सेवा प्रवाह गर्ने अन्य निकायको क्षमता विकासमा विशेष जोड दिइ लागु गरिनेछ । सदाचार नीति र आचारसंहिता बनाई लागु गरिनेछ ।

१५. “**स्वच्छ खानेपानी , स्वस्थ  जीवन** :

१५.१ “स्वच्छ खानेपानी , स्वस्थ  जीवन लाई सार्थकता प्रदान गर्न यस नगरक्षेत्र भित्र रहेका नागरीकहरुको स्वास्थ्यमा प्रतिकुलता आउन नदिनका लागी सबैलाई शुद्ध र स्वच्छ खानेपानी पिउन पाउनु पर्ने नैसर्गीक अधिकारलाई सुनिश्चितता प्रदान गर्न नगरका सम्पुर्ण वडामा स्वच्छ खानेपानीको पहल गरीने छ । सो कार्यका लागी  संघ र प्रदेश सरकार सँग आवश्यक समन्वय गरी अघि बढाइने छ ।
१५.२. लागु पदार्थ तथा मानव वेचविखनका विरुद्ध प्रत्येक विद्यालय , गाउँ टोलमा अभियान संचालन गरिनेछ ।

**१६. युवा तथा खेलकुद**

१६.१ भजनी नगरपालिकाको ९ वटै वडाहरुमा व्यवस्थित खेल मैदानको साथै वडा नं. १ मा निर्माणधिन अवस्थामा रहेको खुल्ला मञ्च तथा कवर्ड हल (रंगशाला) लाई निरन्तरता दिईनेछ । साथै खेलकुदको माध्यामबाट खेलाडीहरुलाई हौसला तथा प्रोत्साहित गर्न मेयरकप खेलकुद कार्यक्रम लाई निरन्तरता दिईने छ ।

१६.२ खेलकुद क्रियाकलापलाई संचालन गर्न नगर स्तरिय खेलकुद विकास समिति गठन गरी कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

१६.३ नगर स्तरिय खेलकुद विकास समितिको मातहतमा वडा स्तरिय खेलकुद विकास समिति गठन गरी कार्य संचालन गरिने छ ।

१७. पूर्वाधार विकास नीति :

१७.१ नगरपालिका भवन,वडा कार्यालयका भवन लगायत सार्वजनिक भवनहरुलाई भुकम्प प्रतिरोधात्मक बनाईनेछ । भुकम्प प्रतिरोधात्मक भवन मापदण्ड लागु गरी कार्यान्वयनमा ल्याउन अविलम्ब सो सम्बन्धी मापदण्ड निर्माण गरिनेछ ।

१७.२ सार्वजनिक बाटोघाटो, कुलो, झरनहरु मिचिएको वा हराएको भए कानून अनुसार उक्त बाटोहरु खोलिने छ र बाटो सडक नपुगेका ठाउहरुमा मापदण्ड अनुरुप नयाँ निर्माण गरिनेछ ।
१७.३ जनताको सक्रियतामा, जनताको खुशियाली भजनी समृद्धि नगर बनाउन जनताको श्रम तथा लागत सहभागिता जुट्ने योजनाहरुलाई प्राथमिकता दिईनेछ ।
१७.४ भजनी नगरपालिकाको नगर यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
१७.५ भजनी नगरपालिकाको कुनै एक गाउलाई नमुना गाउ बनाईनेछ ।

**१८. सिचाई :**

१८.१ कृषकहरुलाई आधुनिक उपकरण उपलब्ध गराउने कार्यक्रम ल्याइने छ ।
१८.२ वैकल्पिक सिचाईको व्यवस्थाको लागि साना तथा मझौला सिंचाई परियोजनाको क्षेत्र विस्तार गरी मर्मत सम्भार र स्तरोन्नति गरिनेछ ।
१८.३ कृषिलाई बिस्तार गरी बिद्युतिकरण गरिनेछ ।
१८.४ यस क्षेत्र भित्र रहेका स्थानीय सिंचाई परियोजनालाई स्तरोन्नती  गरी संचालन तथा व्यवस्थापन गर्ने निति लिईने छ ।

**१९. सडक तथा पुल :**
१९.१ यस नगरपालिकाको कृषि सडकहरुको स्तरोन्नती गरिनेछ ।

१९.२ पुल हाल्नु पर्ने स्थानको सम्भाव्यता अध्ययन गरी आवश्यकता अनुसार पक्कि तथा झुलुङ्गे पुल निर्माण गरिनेछ ।

१९.३ एक वडामा एक पक्कि सडक निमार्णको नीती लिई आवश्यक बजेटको व्यवस्थापन गरीनेछ ।

१९.४ भजनी नगर क्षेत्र समेटिने गरी नगर चक्रपथ निर्माणका लागी तयार हुने डिपिआर बमोजिम कार्य अगाडी बढाईनेछ ।

१९.५. नेपाल भारत सिमामा रहेको भजनी न.पा. ५को मोहना नदी गुलरिया घाटमा पक्कि पुल निर्माणका लागी संघिय तथा प्रदेश सरकार संग पहल गरिनेछ ।

**२०. आर्थिक विकास र समृद्धि नीतिः** :

२०.१ नगर क्षेत्रलाई आर्थिक समृद्धि र अवसरका केन्द्रको रुपमा विकास गर्न वित्तीय, शैक्षिक, वाणिज्य, पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण बनाईनेछ ।

२०.२.वैज्ञानिक आविष्कार, अनुसन्धान र प्राज्ञिक कार्यमा संलग्न युवा वैज्ञानिकहरू, अनुसन्धानकर्ता र प्राज्ञहरूका रचनात्मक कार्यहरूमा आवश्यक सहयोग पुऱ्याइनेछ ।

२०.३.योजना निर्माण तथा कार्यान्वयनमा विकासको साझेदारका रुपमा रहेका नीजि, सहकारी, गैर सरकारी तथा सामाजिक संघ संस्था, सामुदायिक संस्था, लगायतका निकायहरुको सहभागीता,साझेदारी र सहकार्यको नीति लिई बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

२०.४ नगर तथा वडाका कार्यक्रम संचालन गर्नु अघि नगर/वडाको समन्वय स्वीकृतिमा गैर सरकारी संस्थालाई कार्यक्रम संचालन गर्न दिईनेछ ।

**२१.सहकारी तथा गरिबी निवारण कार्यक्रम :**

२१.१ सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गरिनुका साथै बैंक तथा सहकारीहरू संगको सहकार्यमा आर्थिक समृद्धि सार्थक पारिनेछ ।

२१.२ दैनिक उपभोग्य वस्तु, मल, बिउबिजन, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन, वितरण र विक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख बस्तीहरूमा सुपथ मूल्यका सहकारी पसल सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

२१.३ नागरिकहरूलाई उत्पादन कार्य र आय आर्जनमा सहभागी बनाउन स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवा वा व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थालाई प्रोत्साहन गरिनेछ ।

२१.४ नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्न बिशेष नीति अबलम्बन गरीनेछ ।

२१.५ एक वडा एउटा उद्देश्य भएका एक सहकारीको नीति अवलम्वन गरिनेछ ।

**२२. श्रम तथा रोजगार नीतिः**

२२.१ महिला, पुरुषलाई समान कामको लागी समान ज्याला नीती लागु गरिनेछ ।

२२.२ आर्थिक,सामाजिक,शैक्षिक हिसावले कमजोर भई वेरोजगारी युवा वर्गहरुका लागि

रोजगारमुलक तथा सिपमुलक तालिमहरुको व्यवस्था गर्ने र सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका लागि लोकसेवा परीक्षा तयारी कक्षा एवं सिपमुलक तालिम संचालन गरिनेछ ।

२२.३ पेशागत समुदायका युवाहरुको परम्परागत सीप, कला संरक्षण सम्वर्द्धन गर्दै तिनको आधुनिकीकरण र व्यवसायीकरण मार्फत रोजगारीको अवसर सिर्जना गरिनेछ ।

२२.४ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्न वेरोजगार युवा युवतिलाई प्रोत्साहन दिने खालका कार्यक्रम निर्माणमा विशेष जोड दिइने छ ।

**२३. वातावरण तथा विपद व्यवस्थापन नीति :**

२३.१ सुरक्षित ठांउको पहिचान, आवश्यक पूर्व तयारी गरी प्राकृतिक जोखिममा परेका नागरिकलाई सुरक्षीत वनाईनेछ ।

२३.२ नगर क्षेत्र भित्रका मुख्य नदिहरुमा जैविक तथा आवश्यकता अनुसार तटबन्धन , बृक्षारोपण मार्फत नदि नियन्त्रणलाई प्रार्थमिकता दिईनेछ ।

२३.३ भजनी नगरपालिकालाई सफा, सुन्दर नगरपालिका बनाउन वडा तथा टोलमा नियमित सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

२३.४ फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको व्यवस्था गरी फोहोर व्यवस्थापन गरिनेछ ।

२३.५ बजार क्षेत्र र सार्वजनिक स्थलहरुमा क्रमशः सार्वजनिक शौचालय निर्माण गर्दै लगिने र संचालन एवं व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ ।

२३.६ फोहोरमैलालाई Reduce, Recycle and Reuse(3R) गर्ने अभियानलाई प्रोत्साहन गरिने छ ।

२३.७ भजनी नगरपालिकालाई सफा,सुन्दर हरियालि नगरपालिका बनाउन एक घर पाँच विरुवा अनिवार्य लगाउने नीति लिइने छ ।

**२४. वन, भूसंरक्षण तथा जैविक विविधता नीतिः**

२४.१ प्राकृतिक स्रोत र सम्पदाको समुचित सदुपयोग गर्दे दिनानुदिन मासिदै गएको वन क्षेत्रको दिगो वन विकास तथा बसन्ता जैविक मार्ग लाई संरक्षण गरी स्वच्छ हावा, स्वस्थ दिमाग र सभ्य समाज निर्माण अभियानमा जोड दिइनेछ ।

२४.२ अव्यवस्थित शहरीकरणलाई व्यवस्थापन गर्दै सुन्दर नगर, सभ्य समाज निर्माण गर्न वातावरण संरक्षण तथा सम्बर्द्धनका कार्यक्रममा विशेष जोड दिइनेछ ।

२४.३ वन वातावरण संरक्षणका लागि गोबर ग्यास तथा सौर्य उर्जा जस्ता बैकल्पिक उर्जा कार्यक्रम लाई प्रोत्साहन गरिनेछ ।

२४.४ नगर क्षेत्रभित्र चिल्ड्रन पार्क तथा नगर उद्यानहरु निर्माण गरिनेछ ।

२४.५ भजनी नगरक्षेत्र भित्रका कनरा, काढा, मोहना र पथरिया नदीको बालुवा, माटो, दहतर-वहतर आदिको IEE गरी रोयल्टीबाट आउने बजेटको निश्चित प्रतिशत नदी किनारका समुदायको सुरक्षित आवास र आयआर्जन मूलक कार्यक्रम तथा भजनीको विकास निर्माणमा लगानी गरिने नीति अबलम्बन गरिनेछ ।

**२५.जग्गा धनीपुर्जा तथा भू–उपयोग नीतिः**

२५.१ नगर क्षेत्रमा रहेका सार्वजानिक जग्गा प्राकृतिक सम्पदाहरूको लगत लिई आवश्यक प्रक्रिया पुरा गरी संरक्षण गर्ने र नगरपालिकाको स्वामित्वमा ल्याउने नीति अवलम्वन गरिनेछ ।

२५.२. भजनी नगरक्षेत्र भित्र अव्यवस्थित बसोवास गरीरहेका सुकम्बासि, मुक्तकमैया, राजी तथा, दलित भुमिहिन समुदायलाई उचित किसिमको बस्ती व्यवस्थापन गर्न पहल गरीने छ ।

२५.३ अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न नयां सर्वे नापी कार्यको शुरुवातका लागि पहल गरिनेछ ।

**२६. सार्वजनिक सेवा तथा क्षमता विकास नीति :**

२६.१ प्रभावकारी ढंगले सेवा प्रवाहका लागी कर्मचारीहरुलाई कर्तव्यनिष्ठ बनाउने नीति लिइनेछ ।
२६.२ कर्मचारीहरुलाई प्रोत्साहन गर्न प्रोत्साहन भत्ता दिने र कार्य सम्पादनका आधारमा उत्कृष्ट कर्मचारीलाई पुरष्कृत गरिनेछ ।
२६.३ प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
२६.४ उत्कृष्ट काम गर्ने वडा, जनप्रतिनिधिहरुलाई र उपभोक्ता समितिलाई सम्मान गर्ने, पुरस्कृत गर्ने र थप अनुदान दिइनेछ ।

**२७ सुशासन सेवा प्रवाह नीतिः**
२७.१ कार्यलयमा कम्प्यूटरिकृत पद्धतिको अवलम्बन गर्दै लगिनेछ ।
२७.२ नगरपालिकाको काम कारबाहीलाई व्यवस्थित तथा पारदर्शि बनाई सूचनामा नागरिकको पहुँच बढाउन विद्युतिय सुचना पाटीको व्यवस्था गरिनेछ ।
२७.३ भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीतिलाई अख्तियार गरिनेछ ।
२७.४. नागरिकलाई सहज, सरल, सुविधाजनक र पारदर्शी ढङ्गबाट सेवा प्रवाह गर्दै जनमुखी सेवाको प्रत्याभूति गराईने छ ।
२७.५ विधिको शासन स्थापित गर्दै जनताको सेवामा पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, आर्थिक सुशासन तथा सामाजिक न्यायको सिद्धान्तलाई अंगिकार गरिनेछ ।
२७.६ नगरभित्र सञ्चालनमा रहेका र सञ्चालनमा आउने एफ.एम.रेडियो दर्ता, नवीकरण आदि सम्बन्धी आवश्यक नीति बनाई व्यवस्थित गरिनेछ ।
२७.७ वडा कार्यालयहरुमा टेलिफोन तथा ईन्टरनेट सेवा विस्तार गरिनेछ ।

सभा अध्यक्ष ज्यू,

समग्र प्रस्तुत नीति तथा कार्यक्रमको कार्यन्वयनबाट यस नगरको सम्पुर्ण नागरिकहरुको सुरक्षा एवं विकास निमार्ण कार्यलाई प्रभावकारी अगाडी बढाउन आगामी आ.व. २०७६ । ०७७ का लागी देहाय वमोजिम आय व्यय भएको मुल अंश सहितको वजेट आज यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न गईरहेको छु ।

**भजनीनगरपालिका, भजनी कैलालीको २०७६/०७७ को आय व्ययको विवरण**

| **क्र.स** | **आय** | **रकम रु** | **व्यय** | **रकम रु** |
|---|---|---|---|---|
| १ | आन्तरिक आय(मालपोत बाट प्राप्त समेत) | २,९९,८९,०००।-(दुई करोड उनान्सय लाख उनान्बे हजार ) | चालु खर्च (केन्द्र र वडा तर्फ) | ७,६०,००,०००।-(सात करोड साठी लाख ) |
| २ | वित्तीय समानीकरण (संघिय) | १४,९८,००,०००(चौध करोड अन्ठानाबे लाख ) | नगरस्तरीय योजना (पुँजीगत) | १८,७३,१५,०५०।-(अठार करोड त्रिहत्तर लाख पन्ध्र हजार पचास ) |
| ३ | राजस्व बाडफाड बाट प्राप्त (संघिय) | ११,८८,००,०००।-(एघार करोड अठासी लाख) | वडास्तरीय योजना (पुँजीगत) | ७,२०,४४,२५०।-(सात करोड बीस लाख चवालिस हजार दुई सय पचास ) |
| ४ | शसर्त अनुदान (संघिय )सरकारबाट | १७,२०,००,०००।-( सत्र करोड वीस लाख ) | समपुरक कोष | २,८८,१७,७००।-( दुई करोड अठासी लाख सत्र हजार सात सय ) |
| ५ | वित्तीय समानीकरण (प्रदेश ) | ७४,७७,०००।-(चौहत्तर लाख सतहत्तर हजार ) | अधुरा योजना कार्यान्वियन र भुक्तानी दिन बाँकि | ४,३२,६४,२६१।-चार करोड बत्तीस लाख चौसठ्ठी हजार दुई सय एकसठ्ठी ) |
| ६ | राजस्व बाडफाड बाट प्राप्त (प्रदेश) | ४१,९१,०००।-(एकचालीस लाख एकानब्बे हजार ) | शसर्त अनुदान (संघिय )सरकारबाट | १७,२०,००,०००।-( सत्र करोड वीस लाख ) |
| ७ | न. पा. अल्या बजेट(खर्च खाता ) | ४,००,००,०००।-(चार करोड ) | | |
| ८ | न. पा. अल्या बजेट(संचित कोष खाता ) | ५,३९,२०,०००।-(पाँच करोड उनचालिस लाख बीस हजार ) | | |
| | **जम्मारु** | **५७,९४,४१,२६१।-(सन्ताउन्न करोड चौरानब्बे लाख एकचालीस हजार दुई सय एक्सठी )** | **जम्मारु** | **५७,९४,४१,२६१।- (सन्ताउन्न करोड चौरानब्बे लाख एकचालीस हजार दुई सय एक्सठी )** |

अध्यक्षज्यू लगायत नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु , राष्ट्रसेवक कर्मचारी र आम जनसमुदायहरुको सक्रिय र सामुहिक सहयोगको अपेक्षा गर्दै छु ।

अन्तमा,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने पुर्व मन्त्री एवं माननीय सांसद श्री गौरीशंकर चौधरीज्यू, भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्री बिनिता चौधरीज्यू, प्रदेश सभा सदस्य विरमान चौधरीज्यू, संबिधान सभा सदस्य हरी श्रीपाइलीज्यू, कार्यपालिकाका सम्पूर्णसदस्यज्यूहरु, नगर सभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीज्यूहरु , नगरवासी दाजुभाई तथा दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

छाया देवकोटा
नगर उपप्रमुख
दिनाङ्क २०७६ साल असाढ १० गते मंगलवार ।